सरुमारानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बड्डाडा प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

प.सः २०८२।०८३

च.न.

## ढुंगा, गिट्टी, बालुवा र ग्राभेल उत्खनन् गरी बिक्रि सम्बन्धी बोलपत्र आह्वानको सूचना

**(दोश्रो पटक प्रकाशित मितिः २०८२।०८।२६ गते)**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा १ (च) ले दिएको अधिकार प्रयोग गरी यस सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको निर्णयानुसार प्राकृतिक स्रोत कर असूली सम्बन्धी कार्य आ.व. २०८२।०८३ को लागि ठेक्काद्धारा गराउन यो सूचना प्रकाशन गरिएको छ ।सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रकृया पूरा गरेका ईच्छुक फर्म कम्पनीहरुले बोलपत्र फारम दस्तुर जम्मा गरी देहायको सूचनापाटी, तथा समय भित्र हार्ड कपी (Hard Copy) मार्फत बोलपत्र पेश गर्नुहुन सूचीत गरिन्छ । अन्य थप जानकारीका लागि यस कार्यालयको सूचनापाटी, तथा कार्यालयको वेभ साईट www.sarumaranimun.gov.np तथा कार्यालय समय भित्र यस गाउँ कार्यपालिकाको कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ।

(ढुंगा, गिट्टी, बालुवा प्राकृतिक श्रोतको उपयोगमा लिईने करको ठेक्का विवरण)

| ठेक्का नं. | नदीखोलाको विवरण | बार्षिक उत्खनन् गर्न सकिने परिमाण घन मिटर | न्यूनतम ठेक्का अंक रु मा. भ्याट बाहेक | बोलपत्र जमानत रकम (धरौटी रकम रु | बोलपत्र दस्तुर रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| SRM/NCB/AGG/SQ-01/082/83 | पनाहा घाट | ४१८६.१ | ८८७००१.२० | ४५०००.० | १००० | |
| SRM/NCB/AGG/SQ-02/082/83 | नौघाट (माथिल्लो/तल्लो) | ३९०८.५ | ८२८१६८.८८ | ४२०००.० | १००० | |
| SRM/NCB/AGG/SQ-03/082/83 | खरानी घाट (दोमही माथी) | ३८७०.० | ८२००१८.५३ | ४१५००.० | १००० | |
| SRM/NCB/AGG/SQ-04/082/83 | कुडुले घाट | १०८२.२ | २२९३०७.३५ | १२०००.० | १००० | |

नोटः ढुंगा, गिट्टी, बालुवा को दररेट प्रति क्यु. फिट (लुम्बिनी प्रदेश आर्थिक ऐन २०८२) बमोजिमन ने.रु.६ (भ्याट बाहेक)

## बोलपत्र सम्बन्धी शर्तहरुः

१. बोलपत्र फारमको लागि बोलपत्र दाखिला हुने समय भित्र बोलपत्रदाताहरुले बोलपत्र फारम दस्तुर रकम यस कार्यालयको प्राईम कमर्शियल बैंक लिमिटेड सरुमारानी गाउँपालिकाको सरुमारानी शाखामा रहेको आन्तरिक राजस्व खाता नं. ०६८०१००००००३८५००११७ मा जम्मा गरेको बैंक भौचर र आवश्यक सबै कागजातहरु यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

त्रिविक्रम खड्का

प्रमुख प्रशासकीय अधिकृत

प.सः २०८२।०८३
च.न.

२. बोलपत्र फारमहरु नियमानुसार यस गाउँपालिकाको बोलपत्र फारम भरी बोलपत्रदाताले नेपाली नागरिकताको प्रमाण पत्रको अतिरिक्त व्यक्ति, संस्था फर्म वा कम्पनीले व्यवसाय दर्ता प्रमाण-पत्र र स्थायी लेखा नम्बर (मु.अ.कर सहितको प्रमाण-पत्र तथा आर्थिक वर्ष ०८२/०८३ को कर चुक्ता वा म्याद थप, बोलपत्रको लागि योग्य रहेको र बोलपत्रदाताको लेटरहेडमा कुनै कार्यमा कसुर नभएको र सजाए नपाएको भनि स्वो घोषण पत्र, सम्बन्धित कार्यको लागि अख्तियारी पत्र मिति २०८२/०९/०४ दिनको १२:०० बजे भित्र पेश गर्नुपर्नेछ र पेश भएका बोलपत्रहरु सोही दिनको १:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ बोलपत्रदाता वा प्रतिनिधीको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. बोलपत्रदाताले हार्ड कपी (Hard Copy) मार्फत पेश गरेको बोलपत्र ८ औं दिन मिति २०८२।०९।०४ गते दिनको १२:०० बजे पछि पेश गरेमा मुल्याङ्कनमा समावेश गरीने छैन साथै बोलपत्र खोलेको सातौ दिन भित्र बोलपत्रदाताले बोलपत्र पेश गर्दा समावेश भएको कागजातहरु प्रमाणित प्रतिलिपी र अन्य आवश्यक सम्पुर्ण कागजात सक्कलै यस कार्यालयमा पेश गर्नु पर्नेछ ।

४. बोलपत्र फाराम भरी पेश गर्दा आफुले कबोल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसंग लेखि तोकिएको धरौटी रकम यस कार्यालयको प्राईम कर्मशियल बैंक लिमिटेड, सरुमारानी शाखामा रहेको रहेको धरौटि खाता नं. ०६८०१०००००००३९४००१०१ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट ७५ दिन सम्म म्याद भएको रितपूर्वकको बैंक जमानी पत्र (विडवण्ड) पेश गर्नुपर्नेछ । कबोल गरेको रकमको अङ्क र अक्षरमा लेखिएको व्यहोरा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ

५. ठेक्का सम्झौता गर्दा कबुल अङ्कको अग्रिम आयकर वापतको १.५% र मु.अ.कर वापतको १३% रकम बोलपत्रदाताले व्यहोर्ने गरी कुल जम्मा रकमलाई सम्झौता रकम कायम गरिनेछ ।

६. स्वीकृत ठेक्का अङ्कलाई २ किस्तामा विभाजन गरिएको छ । पहिलो किस्ता न्युन्तम ८०% र बाँकी रकम दोश्रो किस्ता गरी २ किस्तामा विभाजन गरिएको र पहिलो किस्ता न्युनतम ८० % सम्झौता अगावै अनिवार्य दाखिला गरि बाँकीको हकमा जमानत वापत नेपाल सरकारको मान्यता प्राप्त बैंकवाट २०८४ असोज मसान्त सम्म मान्य हुने बैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ। साथै बाँकी रकमको किस्ता २०८२ साल वैशाख मसान्त भित्र भूक्तान गर्नुपर्नेछ ।ठेक्का सम्झौता गर्दा धरौटी पेश गरेको रकमलाई किस्ता भुक्तान गर्दा समायोजन गर्न पाईने छैन।

७. तोकिएको किस्ता म्याद भित्र नबुझाएमा गाउँपालिकाको तर्फबाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेण्टीबाट असुल उपर गर्ने गरी कानुनी प्रक्रिया अपनाईनेछ । अशुल गर्नबाँकी रकममा १०%, थप क्षतीपूर्ति समेत जोडी सरकारी बाँकी सरह अशुल उपर गरिनेछ ।

विक्रम खड्का

सरुमारानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बडडाँडा, प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

प.सः २०८२।०८३

च.न.

८. कुनैपनि शर्त राखी पेश गरेको र रित नपुगेको बोलपत्र माथी कुनै कारवाही गरिने छैन ।

९. ठेक्का सम्झौता गर्दा राखेको धरौटी रकम सम्झौता समाप्त भएपछि मात्र फिर्ता दिईने छ ।

१०. बोलपत्रदाताले सम्झौता पत्रमा पट्टापुर्जीमा तोकिएको वस्तुहरुमा मात्र तोकिए बमोजिमको दरमा रोयल्टी संकलन गर्नुपर्नेछ । रोयल्टी दर लुम्बिनी प्रदेश सरकारवाट स्वीकृत भए बमोजिम हुनेछ । सो भन्दा फरक हुने गरी कर संकलन गरेमा ठेक्का सम्झौता तोडी नियमानुसार कारबाही गरिनेछ ।

११. पेश भएका बोलपत्र स्वीकृत गर्ने वा अस्विकृत गर्ने, सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१२. यस सूचना र बोलपत्र फारममा उल्लेख भए वाहेक अन्य कुराहरु प्रचलित ऐन, नियम अनुसार हुनेछ ।

१३. विस्तृत जानकारीका लागी यस कार्यालयको सुचना पाटिमा हेर्नहुन वा कार्यालय समय भित्र यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख हुन सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

२०८२/८/२६

खड्का

प्रमुख प्रशासकीय अधिकृत